नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति: २०८२/१२/१९

## प्रेस विज्ञप्ति ।

*अटिजम र मानवता - हरेक जीवन मूल्यवान* छ भन्ने नाराका साथ आज मिति अप्रिल २ तारिखका दिन मनाउँदै गरिएको यस वर्षको विश्व अटिजम सचेतना दिवसका अवसरमा मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षता र माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका माननीय मन्त्रीज्यूको समुपस्थितिमा **सातवटै प्रदेशमा एक एकवटा अटिजममा आधारित नमुना विद्यालय (Autism-based Model School) घोषणा कार्यक्रम** सम्पन्न भयो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवहरूसमेतको उपस्थितिमा सञ्चालन भएको उक्त कार्यक्रममा सहरी विकास तथा भवन निर्माण विभागका पदाधिकारी, सम्बन्धित क्षेत्रका विज्ञ, अटिजमसम्बन्धी अभियन्ताहरू समेतको उपस्थिति रहेको थियो ।

विगत केही वर्षदेखि अपाङ्गताको प्रकृति अनुरूप आवश्यकताको आधारमा प्रत्येक प्रदेशमा पूर्वाधारयुक्त विशेष आवासीय विद्यालय सञ्चालन र बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि प्रत्येक प्रदेशमा पूर्वाधारयुक्त आवासीय विद्यालय सञ्चालन कार्यक्रम अन्तर्गत निर्माणाधिन विद्यालयका प्रगति अवस्थाको प्रस्तुतीकरण गरिएको थियो ।

उक्त प्रस्तुतीकरण पश्चात अटिजमसम्बन्धी विज्ञ, सहरी विकास तथा भवन निर्माण विभागका पदाधिकारी र अटिजम अभियन्ताहरूको सङ्क्षिप्त प्रस्तुतीकरण तथा छलफल पश्चात आगामी आर्थिक वर्षमा सातवटै प्रदेशमा एक एकवटा अटिजममा आधारित नमुना विद्यालय स्थापनाका लागि सहरी विकास तथा भवन निर्माण विभागले भौतिक पूर्वाधारसम्बन्धी विषय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सञ्चालनको कार्यढाँचा तय गर्ने सम्बन्धी विषय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अटिजम भएका बालबालिकाका लागि सहयोग प्रदान गर्ने सम्बन्धी विषय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले सम्बन्धित क्षेत्रमा कार्यरत संस्थाहरूबिच समन्वय गर्ने लगायतका कार्य गर्ने गरी निष्कर्ष निकालिएको छ ।

कार्यक्रम कार्यान्वयन गर्नका लागि अवधारणा-पत्र तयार गर्न प्राविधिक समिति गठन गरिएको छ । उक्त समितिले हाल अटिजम लगायतका अपाङ्गता भएका विद्यार्थीका लागि सञ्चालित कार्यक्रमलाई थप गुणस्तरीय बनाउँदै लाने र अटिजममा आधारित नमुना विद्यालय स्थापना तथा सञ्चालनसम्बन्धी कार्यलाई द्रुत रूपमा अगाडि बढाउने सम्बन्धमा तत्कालै अवधारणा-पत्र तयार पारी पेश गर्ने छ ।

अटिजम भएका बालबालिकाका लागि कार्यक्रम सञ्चालन गर्ने विद्यालय र अन्य संस्थाहरूलाई त्यस्ता बालबालिकालाई सहज र सरल ढङ्गले सेवा प्रवाह गर्नका लागि सम्बन्धित सबै पक्षमा मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

शिवकुमार सापकोटा
प्रवक्ता एवम् सहसचिव

फोन नं.:
वेबसाइट: www.moest.gov.np